उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल
फोन :
ईमेलः udayapurgadhirm@gmail.com

# करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मितिः २०८२।०८।०१)**

उदयपुरगढी गाउँपालिकामा तपसिल बमोजिमको पदमा खुला प्रतिस्पर्धाबाट करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूवाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र दरखास्त पेश गर्न आह्वान गरिएकोछ।

<u>तपसिलः</u>

**१. पदको विवरण**

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | तह | किसिम |
|---|---|---|---|---|---|
| १ | ०३/२०८२/८३ | उद्यम विकास सहजकर्ता | १ | सहायक चौथो तह वा सो सरह | खुला |

**२. आवश्यक न्यूनतम योग्यताः-**

- SLC/SEE उत्तीर्ण गरेको र
- CTEVT बाट मान्यताप्राप्त उद्यम सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा,
- CTEVT बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा,
- CTEVT बाट मान्यताप्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।
- कम्प्युटर सम्बन्धी ६ महिनाको तालिम लिएको

**३. दरखास्त दिने स्थानः** - कार्यालय समय भित्र उदयपुरगढी गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा बुझाउनुपर्नेछ तथा उदयपुरगढी गाउँपालिकाको ईमेल udayapurgadhirm@gmail.com मार्फत समेत दरखास्त फारम, राजस्व तिरेको रसिद तथा आवश्यक सम्पूर्ण कागजात सहित आवेदन दर्ता गर्न सकिने छ ।ईमेल मार्फत दरखास्त दर्ता गरेका उमेद्वारले दरखास्त लगायतका सम्पूर्ण विवरणको सक्कल प्रति परीक्षा दिन आउदा बुझाउनु पर्नेछ ।

**४. उमेरः** दरखास्त दिने अन्तिम मितिसम्ममा पुरूषको हकमा १८ वर्ष पुरा भई र ३५ वर्ष ननाघेको, र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**५. परीक्षा दस्तुरः-** सहायक स्तर चौथो तह :- रू.५००।-(पाँच सय) उदयपुरगढी गाउँपालिकाको सानिमा बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. १२४०१००४००००००१ मा जम्मा गर्न सकिने छ ।

**६. दरखास्त साथ संलग्न कागजातहरुः** - उम्मेदवार स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरुः-

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

ग) कामसँग सम्वन्धित अनुभव भए सोको प्रचमाणपत्रको प्रतिलिपी

घ) तालिमको प्रमाण पत्र

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

उदयपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

फोनं. :
ईमेल:udayapurgadhirm@gmail.com


ङ) तोकिएको राजश्व तिरेको रसिद

७. **छनौटको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा।

८. लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेद्वारले अन्तर्वार्ता दिनु अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, अनुभव सम्बन्धि कागजात लगायत अन्य आवश्यक कागजातहरूको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रूपमा बुझाउनु पर्ने छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो विदा लगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र दरखास्त पेश गर्नुपर्नेछ।

९. आवेदनको ढाँचा, पाठ्यक्रम लगाएत पदपुर्ती सम्बन्धी अन्य जानकारी गाउँपालिकाको वेबसाइटः https://udayapurgadhimun.gov.np बाट प्राप्त गर्न सकिने छ। साथै परीक्षा उदयपुरगढी गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

१०. परीक्षा मितिः - गाउँपालिकाको वेबसाइट मार्फत पछि सूचना प्रकाशन गरिनेछ।

..............................
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner